# गङ्गाजमुना राजपत्र

गङ्गाजमुना गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ८) धादिङ, फाल्गुन २५ गते, २०८१ साल (संख्याः ५**

## भाग-२

फुलखर्क, धादिङ, बागमती प्रदेश, नेपाल

**गङ्गाजमुना गाउँपालिकाको**

**<u>सूचना</u>**

गङ्गाजमुना गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८१ सालको कार्यविधि नं. ५

# गङ्गाजमुना गाउँपालिका प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि २०८१

प्रस्तावनाः

गङ्गाजमुना गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुको गाउँपालिकाबाट सञ्चालित विकास योजनाहरु तथा कार्यक्रमहरुको लागत अनुमान, अनुगमन मापन तथा समन्वय गर्ने प्रयोजनका लागी प्राविधिक कर्मचारीले प्राप्त गर्ने फिल्ड भत्ताको सुविधालाई व्यवस्थित गर्न वान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(२) ले दिएको अधिकार प्रयोग गरी गङ्गाजमुना गाउँ कार्यपालिकाको मिति २०८१ फागुन २५ गतेको कार्यपालिकाको निर्णयद्वारा यो गङ्गाजमुना गाउँपालिका प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि, २०८१ जारी गरेको छ।

१. **सक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्विधिको नाम "गङ्गाजमुना गाउँपालिका प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यिविधि, २०८१" रहेको छ । (ख) यो कार्याविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्याविधिमा

(क) "योजना" भन्नाले गङ्गाजमुना गाउँपालिका भित्र सञ्चालित योजनाहरु सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले गङ्गाजमुना गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) “प्राविधिक कर्मचारी” भन्नाले योजना हेर्ने गरी तोकिएको स्थायी/अस्थायी दुवै प्राविधिक कर्मचारी सम्झनु पर्दछ।

(घ) “अधिकृतस्तर” भन्नाले राजत्राङ्कित वा सो सरह श्रेणी तथा “सहायकस्तर भन्नाले राजपत्र अनङकित कर्मचारी वा सो सरह श्रेणी सम्झनु पर्दछ ।

(ङ) फिल्ड भिजिट भन्नाले महिनाको कम्तिमा १२ दिनको स्थलगत भिजिटलाई सम्झनु पर्दछ।

३.फिल्ड भिजिटः (१) यस गङ्गाजमुना गाउँ कार्यपालिकाको कार्यरत अधिकृतस्तर तथा सहायकस्तर र मातहतका ७ वटै वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिकाबाट सञ्चालित विकास योजनाहरुको प्रभावकारिता साथ सञ्चालन तथा सम्पन्न गर्न गराउनको लागि योजनास्थलमै पुगि आ-आफ्नो तोकिएको पदीय कार्य जिम्मेवारी इमान्दारिताका साथ सम्पादन गर्नु पर्नेछ।

४. फिल्ड सुविधाः फिल्ड भिजिटमा जादा गङ्गाजमुना गाउँ कार्यपालिकाको कार्यालयबाट देहाय बमोजिमको फिल्ड सुविधा पाईनेछ।

| क्र.स | पद/तह/स्तर | प्राप्त हुने फील्ड भत्ता |
|---|---|---|
| १ | इन्जिनियर/अधिकृतस्तर/शाखा प्रमुख वा सो सरह | अधिकृत (ग्रेड बाहेक) तलब स्केलको २०% |
| २ | सव-इनिजनियर/सहायक पाचौ वा सो सरह | अधिकृत (ग्रेड बाहेक) तलब स्केलको २०% |
| ३ | अ.सव-इन्जिनियर/सहायक स्थर चौथो वा सो सरह | अधिकृत (ग्रेड बाहेक) तलब स्केलको २०% |

५. भुक्तानीः (१) दफा ४ बमोजिमको फिल्ड सुविधा प्राप्त गर्न अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित प्राविधिक कर्मचारीले शाखा प्रमुखलाई आफ्नो कामको प्रतिवेदन अनुसुची बमोजिम पेश गर्नु पर्दछ शाखा प्रमुखले प्रशासन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्नु पर्दछ।

(२) मासिक फिल्ड भ्रमण फाँटबारीको मूल्याङ्कन एवम् स्वीकृत गरी फिल्ड भत्ता बजेट शिर्षक वा कन्टिन्जेन्सिबाट उपलब्ध गराईनेछ।

(३) प्रचलित कानुन बमोजिम घर बिदा, विरामी विदा, अध्ययन विदा, प्रसुति स्याहार विदा, असाधारण विदामा रहेको प्राविधिक कर्मचारीलाई विदामा रहेको दिनको बराबरको फिल्ड भत्ता बाहेकको रकम मात्र भुक्तानी गरिनेछ।

(४) स्थलगत योजना हेर्ने गरी तोकिएको बाहेकको स्थायी अस्थायी कुनै पनि प्राविधिक कर्मचारीको हकमा यो कार्यविधि आकर्षित हुने छैन।

(५) वडा प्राविधिकको हकमा वडा अध्यक्ष ज्यूको सिफारिस गर्नुपर्ने र पालिका रहने प्राविधिक जिम्मेवारीको हकमा उपाध्यक्ष ज्यूको सिफारिसमा रहनु पर्नेछ ।

६. प्रचलित कानुन बमोजिम हुनेः यस कार्यीविधिमा भएको व्यवस्था संघिय वा प्रदेशिक कानुन सँग बाझिएमा बाझिएको हदसम्म अमान्य र बदर भई प्रचलित कानुन बमोजिम हुनेछ।

७. बाधा अडकाउ फुकाउने अधिकारः यस कार्याविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेको सो बाधा अड्काउ फुकाउने पुर्ण अधिकार गङ्गाजमुना गाउँ कार्यपालिकालाई हुनेछ।

८. संशोधनः यस कार्यविधिमा सम्सोधन गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँ कार्यपालिकालाई हुनेछ ।

९. बचाउः यो कार्यविधि जारी हुनु अघि भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

# अनुसुची १

दफा ५ को उपदफा १ सँग सम्बन्धित

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु मितिः
गङ्गाजमुना गाउँ कार्यापालिकाको कार्यालय,
फुलखर्क धादिङ,

बिषयः मासिक फिल्ड भ्रमण फाटबारी ।

मिति ..........साल............ महिनामा यस गाउँपालिका अन्तर्गत निम्न वडा योजनाहरुमा निम्नानुसार फिल्ड भ्रमण गरेको व्यहोरा अनुरोध छ।

| सि न | योजनाको नाम | फिल्ड भ्रमण गरिएको वडा न र ठाउँ | मिति | उदेश्य | सम्पादित मुख्य काम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

पेश गर्नेको
नाम थरः
दर्जाः
हस्ताक्षरः

रुजु गर्नेको
नाम थरः
दर्जाः
हस्तारक्षरः

स्वीकृत गर्नेको
नाम थरः
दर्जाः
हस्ताक्षरः

आज्ञाले,
सन्जय बहादुर स्याङताङ
प्रमुख प्रशासकीय अधिकृत